नेपालको आर्थिक सामाजिक क्षेत्रका केही प्रमुख तथ्याङ्कको

इन्फोग्राफिक्स

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

www.nsonepal.gov.np

नेपालको आर्थिक सामाजिक क्षेत्रका केही प्रमुख तथ्याङ्कको

इन्फोग्राफिक्स

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

www.nsonepal.gov.np

विषय सूची

जनसंख्या	६–४१
जीवनस्तर र गरिबी	४२–५३
राष्ट्रिय लेखा	५४–६२
सूचकाङ्क	६३
कृषिगणना	६४–६७
व्यापार	६८–७३
वातावरण	७४
श्रम तथ्याङ्क	७५–७६
तथ्याङ्क साक्षरता	७७
विविध	७८

नेपालको आर्थिक सामाजिक क्षेत्रका केही प्रमुख तथ्याङ्क

इन्फोग्राफिक्स

सर्वाधिकार © राष्ट्रिय तथ्याङ्क कार्यालय

प्रकाशनः २०८१ **पौष**

प्रकाशकः

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौँ

फोन नं.: +९७७ ०१-५३६५३२३, ०१-५३२९४०६

इमेलः info@nsonepal.gov.np

वेबसाइटः www.nsonepal.gov.np

आवरण, डिजाइन र लेआउटः नेपाल इन डाटा, बालुवाटार, काठमाडौँ

फोन नं.: +९७७ ०१-४५४२०१४

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

पत्र संख्या: २०८१/८२ मिति: २०८१/०९/०७
चलानी नं.:

मन्तव्य

राष्ट्रिय तथ्याङ्क कार्यालय नेपालको तथ्याङ्क प्रणालीको केन्द्रीय निकाय हो । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता अनुसार मुलुकको सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रको गुणस्तरीय तथ्याङ्क नियमित रुपमा उत्पादन गर्दै आएको छ। तथ्याङ्क ऐन, २०१५ अनुसार बिक्रम सम्बत् २०१५ साल पौष १७ गते स्थापना भएको साविक केन्द्रीय तथ्याङ्क विभागले लामो समयदेखि विभिन्न गणना तथा सर्वेक्षणहरु सञ्चालन गरी तथ्याङ्क उत्पादन गर्दै मुलुकको आवश्यकता पुरा गर्दै आएको थियो र तथ्याङ्क ऐन, २०७९ अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नती भएको यस निकायले यी कार्यहरुलाई निरन्तरता दिइरहेको छ। यसरी उत्पादित तथ्याङ्क तथ्यमा आधारित नीति निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा प्रयोग हुँदै आएको छ। पछिल्ला दिनमा तथ्यमा आधारित नीति निर्माणको संस्कृति हाम्रो मुलुकमा पनि क्रमशः बिकास हुँदै गएको छ जसका कारण तथ्याङ्कको माग र आपूर्ति बढ्दो छ। साथै, दिगो विकास लक्ष्यको कार्यान्वयन र अन्य विकासका एजेण्डामा समेत तथ्याङ्कको माग बढ्दो छ। पछिल्ला दुई वर्षमा राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय कृषिगणना २०७८, नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८०, नेपाल व्यापार सर्वेक्षण २०७९, राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण २०७९ का नतिजाहरू सार्वजनिक गरेर अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन सफल भएको छ।

उत्पादित तथ्याङ्कको उपयोग हुँदा मात्र तथ्याङ्क उत्पादनको सार्थकता हुन्छ। पछिल्ला दिनमा राष्ट्रिय तथ्याङ्क कार्यालयले उत्पादित तथ्याङ्क प्रयोगकर्ता समक्ष सरल र सहज ढंगले पुर्याउन विभिन्न नविन विधिको प्रयोग गरी सुधार गर्दै आएको छ। तथ्याङ्कको प्रयोग सही ढंगले होस, तथ्याङ्कीय विधि, परिभाषामा एकरुपता होस भनेर तथ्याङ्कीय साक्षरतालाई विशेष जोड दिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उत्पादित तथ्याङ्कलाई इन्फोग्राफिक्सको माध्यमबाट प्रयोगकर्ता समक्ष पुर्याउने उद्देश्यले यो नेपालको आर्थिक सामाजिक क्षेत्रका केही प्रमुख सूचकको इन्फोग्राफिक्स तयार गरी एकीकृत पुस्तकको रुपमा प्रकाशन गरिएको छ। यो प्रकाशनबाट तथ्याङ्कलाई सहज र सरल ढंगले बुझ्न सहयोग पुग्ने विश्वास कार्यालयले राखेको छ।

यस महत्वपूर्ण प्रकाशन तयार गर्नमा संलग्न कार्यालयका निर्देशक मनोहर घिमिरे र कम्प्युटर अधिकृत डा. पुष्प कुमार पौडेलको लगन र मिहेनतका लागि धन्यवाद दिन चाहन्छु। साथै प्रकाशन तयार गर्न प्राविधिक सहयोग गर्ने विकास उद्यमी र द एशिया फाउण्डेशनलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

यस प्रकाशन हेरी सुधारका लागी केही सुझाव भए हामीलाई उपलब्ध गराई दिन समेत सबैमा अनुरोध गर्दछु।

डा. हेम राज रेग्मी
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रवक्ता

नेपालमा जनगणना

> नेपालमा जनगणना हरेक दश वर्षको अन्तरालमा गर्ने गरिन्छ। जनगणना हरेक राष्ट्रको एक महत्वपूर्ण कार्य हो। तथ्याङ्कको क्षेत्रमा यसको विशेष महत्व रहेको छ।

वि. स. १९६८ (सन् १९११)

- नेपालमा पहिलो जनगणना सञ्चालन गरिएको थियो। यस जनगणनाको मुख्य उद्देश्य मालिक, कमाराकमारी र बाँधाको सूची तयार गर्नु थियो।
- यस जनगणना अनुसार नेपालमा कुल जनसंख्या **५६,३८,७४५** रहेको थियो।

तत्पश्चात वि.स. १९७७, १९८७, १९९८, २००९/११, २०१८, २०२८, २०३८, २०४८, २०५८, २०६८ र २०७८ मा नेपालमा जनगणना सञ्चालन गरियो ।

वि. स. १९९८

- सम्म सञ्चालन भएका जनगणना सामान्य व्यक्ति गणनाका रूपमा मात्र सीमित थिए।

वि. स. २००९/११

- पाँचौ जनगणनालाई पहिलो आधुनिक (वैज्ञानिक) जनगणनाको रूपमा लिइन्छ। जनगणनाबाट देशभित्र बसोबास गरिरहेका व्यक्ति र परिवारहरूको जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू प्राप्त हुन्छ।



नेपालमा जनगणना

वि. स. २०७८

- पछिल्लो पटक **बाह्रौं राष्ट्रिय जनगणनामा २०७८ कात्तिक २५ देखि मंसिर ५ गते सम्म** जनगणनाको मुख्य गणना कार्य गरिएको थियो।

२०७८ मा सञ्चालन भएको जनगणनाको नारा **"मेरो गणना- मेरो सहभागिता"** रहेको थियो।

नेपालमा हाल जनगणना अक्सर बसोबासको अवधारणामा गर्ने गरिएको छ।

- पछिल्लो जनगणना (२०७८) अनुसार नेपालको कुल जनसंख्या **२,५१,६४,५७८** रहेको छ।

यस जनगणना अनुसार नेपालको वार्षिक जनसंख्या वृद्धिदर **०.५२%** रहेको छ।

२०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या **२,६४,५४,५०४** रहेको थियो।

राष्ट्रिय जनगणना, २०७८ अनुसार

नेपालीको औसत आयु

७१.३ वर्ष

पुरूष
६८.२ वर्ष

महिला
७३.८ वर्ष

प्रदेशगत रूपमा हेर्दा **सबैभन्दा बढी औसत आयु कर्णाली प्रदेशमा ७२.५ वर्ष र सबैभन्दा कम लुम्बिनी प्रदेशमा ६९.५ वर्ष** रहेको देखिन्छ।



नेपालको वार्षिक औषत जनसंख्या वृद्धिदर

०.९२%

नेपालको जनसंख्या

२,९१,६४,५७८

महिला
५१.१३%
१,४९,११,०२७

पुरूष
४८.८७%
१,४२,५३,५५१

राष्ट्रिय जनगणना २०७८ अनुसार **६६,६६,९३७** नेपालमा कुल परिवारहरू बसोबास गरेको देखिन्छ जसमध्ये **६६,६०,८४१** परिवारहरू व्यक्तिगत र **६,०९६** परिवारहरू संस्थागत रूपमा रहेका छन्।

९५.५९
लैङ्गिक अनुपात
(प्रति सय महिलामा पुरुषको संख्या)

१५८ जना
जनघनत्व प्रति वर्ग किलोमिटर

६६.१७%
नगरपालिका क्षेत्रमा बस्ने जनसंख्या

३३.८३%
गाउँपालिका क्षेत्रमा बस्ने जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार

नेपालमा रहेका जात/जाति

१४२ वटा

सबैभन्दा बढी जनसंख्या भएका दश वटा जात/जातिमा क्रमशः क्षेत्री, ब्राम्हण - पहाड, मगर, थारू, तामाङ, विश्वकर्मा, मुसलमान, नेवाः (नेवार), यादव र राई हुन्।

सबैभन्दा कम जनसंख्या भएका दश वटा जात/जातिमा क्रमशः नुराङ, बनकारिया, कुसुण्डा, सुरेल, ल्होमी, वालुङ, राउटे, तोप्केगोला, कोचे र फ्री हुन्।

सबैभन्दा बढी जनसंख्या (%) भएका पाँच जात/जाति



सबैभन्दा कम जनसंख्या भएका पाँच जात/जाति



नेपालमा १२४ ओटा भाषा मातृभाषाका रूपमा बोलिन्छन्

मातृभाषाको रूपमा बढी बोलिने प्रमुख पाँच भाषा र बोल्ने जनसंख्या (प्रतिशत)



१ लाखभन्दा बढी जनसंख्याले मातृभाषाको रूपमा प्रयोग गर्ने

२१ ओटा भाषाहरू

१२४ ओटा मातृभाषाहरू

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा भेटिएका छन्।

मातृभाषाको रूपमा सबैभन्दा बढी बोलिने दश भाषाहरू क्रमशः नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, बज्जिका, अवधी, नेपालभाषा (नेवारी), मगर ढुट, र डोटेली हुन्।

देशमा साक्षरता दर बढ्दो

विक्रम सम्बत् २००९/११ को पाँचौ जनगणना अनुसार देशमा ४४ प्रतिशत साक्षरता दर रहेको थियो जुन २०७८ को बाह्रौं जनगणना अनुसार ७६.२ प्रतिशत पुगेको छ जसमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता ६९.४ प्रतिशत रहेको छ।

जनगणना वर्ष अनुसार साक्षरता दर प्रतिशतमा



साक्षरता दरको अवस्था

जनगणना २०७८ अनुसार

(प्रतिशतमा)



नेपालीको औसत आयु बढ्दो

राष्ट्रिय जनगणना २०७८ अनुसार **नेपालीको औसत आयु ७१.३ वर्ष** रहेको छ जसमा **पुरुषको औसत आयु ६८.२ वर्ष र महिलाको औसत आयु ७३.८** रहेको छ।

२०३८ को जनगणना अनुसार नेपालीको औसत आयु ४९.८ वर्ष रहेको थियो जसमा पुरुषको औसत आयु ५०.९ वर्ष र महिलाको औसत आयु ४८.१ रहेको देखिन्छ।





एक सय दश वर्षको अवधिमा नेपालको जनसंख्या
करिब दुई करोड ३५ लाख बढ्यो

नेपालको पहिलो जनगणना विक्रम सम्बत् १९६८ सालमा भएको थियो। जनगणनाको सय वर्ष २०६८ मा पुग्यो। पछिल्लो पटक विक्रम सम्बत् २०७८ मा बाह्रौं जनगणना गरियो।

पहिलो जनगणना अनुसार ५६,३८,७४९ रहेको जनसंख्या बाह्रौं जनगणनामा पुग्दा २,९१,६४,५७८ पुगेको छ। १९६८ को तुलनामा यो करिब दुई करोड ३५ लाखले बढेको देखिन्छ।

	१९६८	१९७७	१९८७	१९९८	२००९/११	२०१८	२०२८	२०३८	२०४८	२०५८	२०६८	२०७८
दोब्बर हुने समय (वर्ष)	-	-	-	६०	३१	४२	३४	२६	३४	३१	५१	७५
जनघनत्व	३८	३८	३८	४३	५६	६४	७९	१०२	१२६	१५७	१८०	१९८
कुल जनसंख्या	५,६३८,७४९	५,५७३,७८८	५,५३२,५७४	६,२८३,६४९	८,२५६,६२५	९,४१२,९९६	१०,५५५,९८३	१५,०२२,८३९	१८,४९१,०१७	२३,५५१,४२३	२६,४९४,५०४	२९,१६४,५७८
जनसंख्या वृद्धिदर (प्रतिशत)		-०.१३	-०.०७	१.१६	२.२७	१.६४	२.०५	२.६२	२.०८	२.२५	१.३५	०.९२
पुरुष महिला अनुपात	१००.१	१००.९	-	१०४.३	९६.८	९७	१०१.४	१०५.	९९.५	९९.८	९४.२	९५.६

जनगणना वर्ष (वि.स.)

जनसङ्ख्याको औसत उमेर (Mean age)

नेपाल २९.४४

जम्मा (वर्ष)

२८.९२ पुरूष (वर्ष)

२९.९३ महिला (वर्ष)





कुल प्रजननदर

(प्रतिमहिला प्रजननयोग्य उमेर)

नेपाल	१.५४
कोशी	१.८१
मधेश	२.८५
बागमती	१.३७
गण्डकी	१.५४
लुम्बिनी	१.८४
कर्णाली	२.१५
सुदूरपश्चिम	१.८८

राष्ट्रिय जनगणना २०७८

कोरा जन्मदर (CBR) र कोरा मृत्युदर (CDR)

(प्रति हजार)



नेपालको कुल जनसंख्यामा २.२ प्रतिशतमा अपाङ्गता रहेको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार देशका कुल **६६,६६,५३७** परिवारमध्ये **५,५५,८३०** परिवारमा कुनै न कुनै प्रकारका अपाङ्गता भएका व्यक्ति बसोबास गरेको देखिन्छ।



नेपालको कुल जनसंख्या **२,५१,६४,५७८** मध्ये **६,४७,७४४** जना अर्थात् नेपालमा **२.२%** जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ।

प्रदेशगत रूपमा

अपाङ्गता भएको जनसंख्या

प्रतिशतमा



राष्ट्रिय जनगणना २०७८

पारिवारिक संरचना

प्रतिशतमा

नेपाल

संयुक्त परिवार ३९.९३

एकल परिवार ६०.०७



राष्ट्रिय जनगणना २०७८

बाल मृत्युदर (CMR)

(प्रति हजार बालबालिकामा)

५.१

नेपाल

राष्ट्रिय जनगणना २०७८

सहरीकरण

प्रतिशतमा



राष्ट्रिय जनगणना २०७८

बच्चा जन्माउने औसत उमेर (MABC)

२७.४४
नेपाल

राष्ट्रिय जनगणना २०७८

नेपालीको पहिलोपटक विवाह गर्दाको औसत उमेर २० वर्ष रहेको छ।

१० वर्ष वा सो भन्दा माथि उमेर भएका विवाहित व्यक्तिहरुले पहिलोपटक विवाह गर्दाको औसत उमेरलाई पहिलोपटक विवाह गर्दाको औसत उमेर (Mean Age at Marriage) भनिन्छ।



औसत परिवार आकार क्रमशः घट्दै गएको देखिन्छ



२०७८ मा प्रदेशगत रुपले हेर्दा

सबैभन्दा बढी औसत परिवार मधेश प्रदेशमा

५.३ जना

सबैभन्दा कम गण्डकी प्रदेशमा

३.७ जना

देशका परिवारको घरायसी सुविधाको अवस्थामा सुधार

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार घरायसी जीवनस्तर र सुविधा मापन गर्न प्रयोग गरिएका सूचकहरूको अहिलेको अवस्थालाई अघिल्लो जनगणनासँग तुलना गर्दा उल्लेख्य सुधार भएको देखिन्छ।

४७.८%

२०६८ को जनगणना अनुसार परिवार मात्र धारा पाइपबाट वितरण हुने खानेपानीको पहुँचमा रहेका देखिएको थियो।

५७%

नेपालका परिवार धारा पाइपबाट वितरण हुने खानेपानीको पहुँचमा रहेका छन् ।

२९.८%

परिवारले ट्युबवेल/हाते पम्पको पानी प्रयोग गर्ने गरेका छन्।



देशका परिवारको घरायसी सुविधाको अवस्थामा सुधार

२०७८ को जनगणना अनुसार परिवारले खाना पकाउन अक्सर प्रयोग गर्ने गर्ने इन्धनको अवस्था

५१%

काठ/दाउरा

४४.३%

एल.पी.ग्यास

१.२%

बायोग्याँस

०.५%

बिजुली

०.१%

अन्य

०.०५%

मट्टीतेल

६४%

२०६८ को जनगणना अनुसार परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखिएको थियो।

२.९%

गुइँठा/गोरहा

देशका परिवारको घरायसी सुविधाको अवस्थामा सुधार

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालका **९२.२ प्रतिशत** परिवारले बत्ती बाल्नको लागि अक्सर बिजुलीको प्रयोग गर्छन्।

२०६८ को जनगणना अनुसार **६७.३ प्रतिशतले** बिजुलीको प्रयोग गर्ने गरेको देखिएको थियो।

बत्ती बाल्नको लागि अक्सर बिजुलीको प्रयोग



राष्ट्रिय जनगणना २०७८ अनुसार,
बत्ती बाल्नको लागि विभिन्न स्रोत प्रयोग गर्ने परिवार

बिजुली
९२.२%

सोलार/सौर्यउर्जा
६.६%

मट्टीतेल
0.६%

बायोग्याँस
0.03%

अन्य
0.६%

देशका परिवारको घरायसी सुविधाको अवस्थामा सुधार

३८.२%

२०६८ को जनगणना अनुसार शौचालयको पहुँच नभएको परिवार

४.५%

परिवारहरूसँग अझै पनि शौचालयको पहुँच नभएको देखिन्छ

९५.५%

देशका परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन्



परिवारले प्रयोग गरिरहेका घरको जग

राष्ट्रिय जनगणना, २०७८ अनुसार देशका परिवारले प्रयोग गरिरहेका आवासिय घरहरू मध्ये

२९.८%
सिमेन्ट जडित ईटा/ढुङ्गाबाट बनेका

२२.४%
ढलान पिल्लरसहितका

१४.२%
काठ/बाँसको खाँबो गाडिएको

०.६%
अन्य प्रकारको बनोट रहेको



माटो जडित ईटा/ढुङ्गाबाट बनेका

प्रदेशगत रुपमा हेर्दा

मधेश प्रदेशमा सबैभन्दा धेरै घरको जग काठ/बाँसको खाँबो गाडिएको



कर्णाली प्रदेशमा सबैभन्दा धेरै घरको जग माटो जडित ईटा/ढुङ्गाबाट बनेका

तराई प्रदेशमा जनसंख्या

क्रमशः बढ्दो

(प्रतिशतमा)



नेपालको जनसंख्यामा क्रियाशिल श्रमशक्तिको बाहुल्यता

जनगणना २०७८ अनुसार

(प्रतिशतमा)

२,९१,६४,५७८

नेपालको कुल जनसंख्या

६१.९६

१५ – ५९ वर्षको क्रियाशिल श्रमशक्ति

३३.८४

बालबालिका

० – १७ वर्ष

१७.६३

किशोर किशोरी

१६ – २४ वर्ष

४२.५६

युवा

१६ – ४० वर्ष

१०.२१

जेष्ठ नागरिक

६० वर्ष वा सो भन्दा माथि

६.०९

६५ वर्ष वा सो भन्दा माथि

परिवारमूली महिला बढ्दै

राष्ट्रिय जनगणना २०७८ अनुसार

६६,६६,९३७

परिवार देशमा रहेका छन्।

महिला परिवारमूली

२१,०३,२७८





सबैभन्दा बढी गण्डकी प्रदेशमा र सबैभन्दा कम मधेश प्रदेशमा

परिवारमा महिलाको नाममा घरजग्गा राख्ने बढ्दै

२३.८%

समग्रमा, परिवारमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको देखिन्छ।

११.८% घर र जग्गा दुबै भएका महिला

५.७% जग्गा मात्र भएका महिला

२.३% घर मात्र भएका महिला

घर र जग्गा दुबै भएका महिला

१०.७%

जग्गा मात्र भएका महिला

५%

१५.७१%

समग्रमा, परिवारमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको देखिएको थियो।



कृषि, वन र माछापालन क्षेत्रमा संलग्न जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष वा सो भन्दा माथिको आर्थिक रूपले सक्रिय जनसंख्या मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा जनसंख्या संलग्न छन् ।

५७.३%

यस्तै

१२.५%

थोक एवं खुद्रा व्यापार मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरूमा

८.१%

निर्माणमा

३.५%

अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरूमा

३.८%

औद्योगिक उत्पादनमा

२.५%

शिक्षामा

२५.६ प्रतिशत

जनसंख्याको कुनै न कुनै बैङ्क वा वित्तीय संस्थामा खाता रहेको

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालका कुल परिवार ६६,६०,८४१ परिवारमध्ये ६१.८९ प्रतिशत परिवारमा कम्तीमा एकजना सदस्यको नाममा बैङ्क वा वित्तीय संस्थामा खाता रहेको देखिन्छ। यसैगरी कुल जनसंख्यामध्ये २५.६ प्रतिशत जनसंख्याको कुनै न कुनै बैङ्क वा वित्तीय संस्थामा खाता रहेको देखिन्छ।

बैङ्क तथा वित्तीय निकायमा परिवार र परिवार सदस्यको पहुँच



नेपालमा आश्रित अनुपात क्रमश : घट्दो

२०४८	८७.२
२०७८	५३.३

आश्रित अनुपात घट्दै जानु आर्थिक विकासका लागि अनुकुल परिस्थिति भएको मानिन्छ।

प्रति एकसय सक्रिय उमेर समूह (१५ देखि ६४ वर्ष) का जनसंख्यामा बालबालिका (० देखि १४ वर्ष) तथा वृद्ध जनसंख्या (६५ वर्ष वा सो भन्दा माथि) लाई आश्रित अनुपात (Dependency Ratio) भनिन्छ।

$$\text{आश्रित अनुपात} = \frac{\text{बालबालिका तथा जेष्ठ नागरिकको जनसंख्या}}{\text{काम गर्ने उमेर समूहको जनसंख्या}} * १००$$

जनगणना वर्ष अनुसार आश्रित अनुपात



नेपालमा १७.४ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीको रेखामुनी

राष्ट्रिय योजना आयोगले साविक केन्द्रीय तथ्याङ्क विभागसँगको सहकार्यमा सन् २०२१ मा प्रकाशन गरेको नेपालमा बहुआयामिक गरिबी प्रतिवेदन (Nepal Multidimensional Poverty Index) अनुसार **नेपालमा १७.४ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका छन्।**

प्रदेशगत रुपमा हेर्दा **सबैभन्दा बढी कर्णालीमा ३१.५ प्रतिशत** जनसंख्या गरिबीको रेखामुनी र **सबैभन्दा कम बागमतीमा ७ प्रतिशत** जनसंख्या गरिबीको रेखामुनी रहेको देखिन्छ।

केही महत्वपूर्ण जनसांख्यिक सूचकहरु

१४.२१
कोरा जन्मदर
(CBR)

१.९४
कुल
प्रजननदर

मातृ मृत्यु अनुपात प्रति लाख जिवित जन्ममा
१५१

६.८१
कोरा मृत्युदर
(CBR)

१७
शिशु मृत्युदर

५.९
बाल मृत्युदर

राष्ट्रिय जनगणना २०७८

जनसांख्यिकीय लाभांश सूचकाङ्क

Population Dividend Index

७५.३%

नेपाल



मातृ मृत्यु अनुपात घट्दो

राष्ट्रिय तथ्याङ्क कार्यालय र **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको** संयुक्त प्रयासमा नेपालमा पहिलो पटक राष्ट्रिय जनगणनासँगै मातृ मृत्यु सम्बन्धी अध्ययन पूर्ण गणनाको रूपमा सम्पन्न भएको थियो।

नेपाल १५१

यस अध्ययन अनुसार नेपालमा मातृ मृत्यु अनुपात (प्रति लाख जिवित जन्ममा) १५१ रहेको छ।



प्रदेशगत रूपमा हेर्दा मातृ मृत्यु अनुपात **सबैभन्दा बढी लुम्बिनीमा २०७** र **सबैभन्दा कम बागमतीमा ९८** रहेको छ।

नेपालका २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी

नेपाल जीवनस्तर सर्वेक्षण, चौथो २०७९/८० को हालै सार्वजनिक नतिजा अनुसार गरिबीको रेखामुनी रहेका जनसंख्या प्रतिशत

नेपालको कुल जनसंख्याको ६९.४८% नगरपालिका क्षेत्रमा र ३०.५२% गाउँपालिका क्षेत्रमा बसोबास गर्छन् ।

गरिबीको दर

गिनी सूचकाङ्क

यस सर्वेक्षण अनुसार नेपालको गिनी सूचकाङ्क ३०.० रहेको छ। पारिवारिक उपभोगमा गाउँपालिका क्षेत्रको तुलनामा नगरपालिका क्षेत्रको असमानता बढी देखिन्छ, शहरी क्षेत्रको गिनी सूचकाङ्क ३०.३ र ग्रामिण क्षेत्रको गिनी सूचकाङ्क २८.७ रहेको छ ।

सर्वेक्षणमा गरिबीको नयाँ रेखा अनुसार

प्रतिवर्ष प्रतिव्यक्ति जम्मा खर्च रू. ७२,९०८/- भन्दा कम उपभोग गर्ने व्यक्तिलाई गरिब अन्तर्गत वर्गिकरण गरिएको छ।

प्रदेशगत रुपमा हेर्दा गरिबीको दर

नेपाल जीवनस्तर सर्वेक्षण, चौथो, २०७९/८० को नतिजा अनुसार गरिबीको अवस्थामा सात प्रदेशमा उल्लेख्य मात्रामा भिन्नता रहेको देखिन्छ।

२०.२७
प्रतिशत

नेपालमा जनसंख्या गरिबीको रेखामुनी रहेका छन्।



प्रदेश अनुसारका गरिबीको स्थिति



नेपाल जीवनस्तर
सर्वेक्षण चौथो २०७५/८० अनुसार
नेपालमा बेरोजगारी दर

(प्रतिशतमा)

कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
१२.०	५.५	९.४	१७.९	२०.०	२३.८	१२.५

नेपाली घरपरिवारको औसत वार्षिक आम्दानी

नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० अनुसार नेपाली घरपरिवारको औसत वार्षिक आम्दानी

रू. ५,५१,१४८

प्रतिव्यक्ति आम्दानी

रू. १,३६,७०७

२०६६/६७ मा नेपाली घरपरिवारको औसत वार्षिक आम्दानी

रू. २,०२,३७४

गरिब

रू. ६१,३३५

२०%

घरपरिवारको वार्षिक आम्दानी

धनी

रू. २,५९,८६७



घरपरिवारको औसत आम्दानी *(रूपैया)*



परिवारमूलीको शैक्षिकस्तर बढ्दै जाँदा गरिबी घट्दै गएको देखिन्छ

नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० अनुसार परिवारमुलीले हासिल गरेको शिक्षाको स्तर बढ्दै जाँदा गरिबी घट्दै गएको देखिन्छ।



विप्रेषणको सबैभन्दा बढी प्रयोग दैनिक उपभोगमा



७६.८%

देशभरका घरपरिवार मध्ये विप्रेषण प्राप्त गरेको देखिन्छ र यस्ता घरपरिवारले औसतमा

रू. १,४५,०९३

प्राप्त गरेको देखिन्छ।



२९.३%
स्वदेश भित्रबाट

२१.३%
भारतबाट

४९.४%
भारत बाहेक अन्य मुलुकबाट प्राप्त हुने

घरपरिवारले प्राप्त गरेको विप्रेषण मुख्य रूपमा दैनिक उपभोगमा खर्च हुने गरेको देखिन्छ।

७२.४
दैनिक उपभोगमा

१५.८
ऋण तिर्न

४.६
शिक्षामा (स्वदेश)

१.९
घरायसी दिगो सरसामान खरिदमा

१.९
बचत

१.२
पूँजी निर्माणमा खर्च

नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८०

प्रतिव्यक्ति औसत वार्षिक शैक्षिक खर्च

रु. २९ हजार ७ सय ४२

रु. ६,१४५

गरिबीको रेखामुनी रहेका जनसंख्याको प्रतिव्यक्ति औसत वार्षिक शैक्षिक खर्च

रु. ३५,६८२

गरिबीको रेखाभन्दा माथि रहेका जनसंख्याको प्रतिव्यक्ति औसत वार्षिक शैक्षिक खर्च

रु. १३,२६५

सामुदायिक सरकारी विद्यालयमा अध्ययन गर्नेको औसत वार्षिक शैक्षिक खर्च

रु. ५७,५८८

संस्थागत निजी विद्यालयमा अध्ययन गर्नेको औसत वार्षिक शैक्षिक खर्च

प्रदेशगत रुपमा प्रतिव्यक्ति औसत वार्षिक शैक्षिक खर्च



नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८०

प्रतिव्यक्ति वार्षिक उपभोग खर्च
रु. १ लाख ३० हजार ८५३



रु. ५७,८५५	रु. ८५,५७२	रु. १,११,५२५	रु. १,४५,६३३	रु. २,५४,८०६	रु. १,३०,८५३
पहिलो पञ्चमक (सबैभन्दा गरिब)	दोस्रो पञ्चमक	तेस्रो पञ्चमक चौथो पञ्चमक	चौथो पञ्चमक	पाँचौ पञ्चमक (सबैभन्दा धनी)	जम्मा

नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८०

प्रतिव्यक्ति वार्षिक उपभोग खर्च रु. १ लाख ३० हजार ८५३

प्रचलित मूल्यमा प्रतिव्यक्ति वार्षिक उपभोग खर्च

जनसंख्याको सबैभन्दा धनी २० प्रतिशतको **रु. २,५४,८०६**

जनसंख्याको सबैभन्दा गरीब २० प्रतिशतको **रु. ५७,८५५**

यस्तै नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० अनुसार प्रचलित मूल्यमा प्रति घरपरिवार वार्षिक उपभोग खर्च **रु. ५,२३,४१३ रहेको देखिन्छ।**



घरपरिवारमूली अनुसार गरिबीको दर

२०.२७%

पुरुष घरपरिवारमूली भएको

२०.२८%

महिला घरपरिवारमूली भएको

https Credit:20cifor-mediainfo@cgiar

नेपालमा गरिबीको दर क्रमशः घट्दै गएको छ

नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० अनुसार नेपालमा **२०.२७%** जनसंख्या गरिबीको रेखामुनी रहेका छन् । नेपाल जीवनस्तर सर्वेक्षण पहिलो २०५२/५३ अनुसार नेपालमा **४१.७६%** जनसंख्या गरिबीको रेखामुनी रहेका थिए ।

गरिबीको रेखामुनी रहेको जनसंख्या प्रतिशत



* विभिन्न सर्वेक्षणमा गरिबीको रेखाको भिन्नताका कारण प्राप्त गरिबीको दर सिधैं तुलना गर्न मिल्दैन।

आर्थिक वर्ष २०८०/८१ मा उपभोक्ता मूल्यमा नेपालको अर्थतन्त्रको आकार

रू. ५७ खर्व ४ अर्व

पुग्ने प्रारम्भिक अनुमान राष्ट्रिय तथ्याङ्क कार्यलयले गरेको छ।

गत आर्थिक वर्ष २०७९/८० मा अर्थतन्त्रको आकार

रू. ५३ खर्ब ४८ अर्व

रहने संशोधित अनुमान समेत गरिएको छ।

चालु आर्थिक वर्ष २०८०/८१ मा उपभोक्ता मूल्यमा **मुलुकको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत** र **आधारभूत मुल्यमा ३.५४ प्रतिशत** हुने प्रारम्भिक अनुमान रहेको छ।



यस्तै चालु आ.व. २०८०/८१ मा **प्रतिव्यक्ति कुल राष्ट्रिय आय (Per Capita GNI) १४५६ US$** हुने प्रारम्भिक अनुमान छ। गत आ.व. २०७९/८० मा **प्रतिव्यक्ति कुल राष्ट्रिय आय १४०५** रहेको थियो।



अर्थतन्त्रको आकार र आर्थिक बृद्धिदर

आर्थिक वर्ष २०८०/८१

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा

रु ५७ खर्ब ४ अर्ब ८४ करोड ४३ लाख ७६ हजार १ सय १

हुने अनुमान गरिएको थियो।

- यस्तै स्थिर मूल्यमा आर्थिक बृद्धिदर

  आधारभूत मूल्यमा **३.५४%** र उपभोक्ताको मूल्यमा **३.८७%** हुने अनुमान गरिएको थियो।

- कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले

  क्रमशः २४.६%, १२.५% र ६२.९% को योगदान अनुमान गरिएको थियो।

कुल अर्थतन्त्रमा प्रादेशिक योगदान (प्रतिशत)

कुल गार्हस्थ्य उत्पादन

(आर्थिक वर्ष २०८०/८१)

प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन

(अमेरिकी डलर)

(आर्थिक वर्ष २०८०/८१)



आर्थिक बृद्धिदर (प्रतिशत)

(आर्थिक वर्ष २०८०/८१)



कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

(आर्थिक वर्ष २०८०/८१)



कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदनान कम हुँदै गएको

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट हरेक वर्ष प्रकाशन गरिने राष्ट्रिय लेखा अनुमान अन्तर्गत कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product) मा क्षेत्रगत योगदान हेर्दा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान प्रतिशत



राष्ट्रिय तथ्याङ्क कार्यालयले विभिन्न मूल्य तथा उत्पादन सूचकाङ्क नियमित रुपमा प्रकाशन गर्दै आएको छ

कुनै क्षेत्रका तोकिएका निश्चित वस्तु र सेवाको उत्पादन तथा मूल्यमा हुने परिवर्तन मापनका लागि सूचकाङ्कको प्रयोग गरिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा निम्न मूल्य तथा उत्पादन सूचकाङ्क प्रकाशन गर्दै आएको छ।

औद्योगिक उत्पादक मूल्य सूचकाङ्क
(Industrial Producer Price Index – IPPI)

यस सूचकाङ्कले देशभित्र उत्पादन भएका वस्तु र सेवाहरु उत्पादकले बिक्री वा खरिद गर्दाको मूल्यमा भएको परिवर्तन दरलाई मापन गर्दछ।

औद्योगिक उत्पादन सूचकाङ्क
(Manufacturing Production Index – MPI)

यस सूचकाङ्कले देशभित्र उत्पादन भएका विभिन्न उद्योगबाट उत्पादित वस्तुको उत्पादन परिणाममा भएको परिवर्तन दरलाई मापन गर्दछ।

कृषि उत्पादक मूल्य सूचकाङ्क
(Agriculture Producer Price Index – APPI)

यस सूचकाङ्कले देशभित्र उत्पादन हुने कृषि उपजहरु उत्पादन स्थलबाट बिक्री हुँदा उत्पादकले पाउने बिक्री मूल्यमा हुने औसत परिवर्तन मापन गर्दछ।

निर्माण क्षेत्रको मूल्य सूचकाङ्क
(Input Price Index of Construction Sector – IPICS)

यस सूचकाङ्कले निर्माण क्षेत्रमा प्रयोग हुने सामग्री र सेवाहरुको मूल्यमा भएको परिवर्तनलाई मापन गर्दछ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले उल्लिखित सूचकाङ्कहरु नियमित रुपमा त्रैमासिक र वार्षिक रुपमा प्रकाशन गर्दै आएको छ।

कृषक परिवार बढ्दो तर कृषि कार्य गरेको जग्गा भने घट्दो



राष्ट्रिय कृषिगणना २०६८ अनुसार

जम्मा कित्ता संख्या

१,२०,९६,४१७

राष्ट्रिय कृषिगणना २०७८ अनुसार

जम्मा कित्ता संख्या

१,१५,८३,९५०

प्रति परिवार औसत कित्ता संख्या

२०७८: **२.८**

२०६८: **३.२**

कृषि उत्पादन मुख्य रुपमा घरायसी उपभोगका लागि





नेपालमा कृषक परिवार ४१ लाख ३१ हजार

राष्ट्रिय कृषिगणना २०७८ अनुसार

४१,३१,०००

नेपालमा कृषक परिवार रहेका छन्।

नेपालमा हरेक दश दश वर्षमा कृषि क्षेत्रको संरचनात्मक लगायत कृषि क्षेत्रका विविध तथ्याङ्क उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय कृषिगणना गरिंदै आएको छ। पहिलो पटक विक्रम सम्बत् २०१८ मा राष्ट्रिय कृषिगणना गरिएको थियो भने पछिलोपटक सातौं राष्ट्रिय कृषिगणना २०७८ मा गरियो। सातौं कृषिगणनाबाट स्थानीय तहसम्मका नतिजाहरू प्रकाशन गरिएको छ।

कृषिचलन सङ्ख्या (हजारमा)

	२०१८	२०२८	२०३८	२०४८	२०५८	२०६८	२०७८
जग्गा भएको	१५१८	१७०७.३	२१८५.७	२७०३.५	३३३७.४	३७१५.६	३९९९.३
पशुपक्षीमात्र भएको	२२	१३.९	८.२	३२.१	२६.७	११५.५	१३१.५
जम्मा कृषिचलन (हजारमा)	१५४०	१७२१.२	२१९३.५	२७३६	३३६४.१	३८३१.१	४१३०.८

कृषिऊपजको बजारसम्म कृषक परिवारको पहुँच

नेपाल
२०७८

राष्ट्रिय कृषिगणना २०७८ अनुसार देशभरका कृषक परिवारमध्ये ३१% कृषक परिवारको कृषिउपजको खरिद बिक्री गर्ने बजार ३० मिनेट भित्र रहेको पाइयो।



कुनै पनि कृषि उपज खरिद बिक्री गर्ने स्थलसम्म साधन प्रयोग गर्दा एकतर्फी लाग्ने समय



थोक तथा खुद्रा व्यवसायी मध्ये

६८ प्रतिशतले मात्र सरकारी निकायमा दर्ता गरेको

नेपाल व्यापार सर्वेक्षण, २०७८ अनुसार

देशभर थोक तथा खुद्रा व्यापार गर्ने

४ लाख १८ हजार ५८ ओटा

व्यापारिक प्रतिष्ठानहरु रहेका छन् ।

३२%

दर्ता नगरी सञ्चालनमा रहेका



६८%

कुनै न कुनै सरकारी निकायमा दर्ता भएका

यस्ता प्रतिष्ठानहरुमा कुल

४,०३,९६४ जना संलग्न

रहेको देखिन्छ जसमध्ये

६४%	३६%
पुरुष	महिला

नेपाल व्यापार सर्वेक्षण,२०७८

थोक तथा खुद्रा व्यवसायमा औसतमा

१८.५३ प्रतिशत Trade margin

रहेको देखिन्छ।

नेपालस्तरिय औद्योगिक वर्गीकरण खण्ड G को मुख्य विभाजन

४५ मोटर, मोटरसाईकल आदीको
थोक तथा खुद्रा बिक्री र मर्मतमा

४६ थोक व्यापारमा
(मोटर तथा मोटरसाईकल बाहेक)

४७ खुद्रा व्यापारमा
(मोटर तथा मोटरसाईकल बाहेक)

नेपाल व्यापार सर्वेक्षण,२०७८

थोक तथा खुद्रा व्यवसायी मध्ये

६८ प्रतिशतले मात्र सरकारी निकायमा दर्ता गरेको देखिन्छ।

देशभर थोक तथा खुद्रा व्यापार गर्ने

४ लाख १८ हजार ५८ ओटा

व्यापारिक प्रतिष्ठानहरू रहेका छन् ।

३२%
दर्ता नगरी सञ्चालनमा रहेका

६८%
कुनै न कुनै सरकारी निकायमा दर्ता भएका



नेपाल व्यापार सर्वेक्षण,२०७८

देशभर थोक तथा खुद्रा व्यापार गर्ने

४ लाख १८ हजार ५८ ओटा

व्यापारिक प्रतिष्ठानहरू रहेका छन् ।

सबैभन्दा बढी व्यापारिक प्रतिष्ठान
बागमती प्रदेशमा १,४४,४४० ओटा

सबैभन्दा कम व्यापारिक प्रतिष्ठान
कर्णाली प्रदेशमा २२,७२८ ओटा



४,१८,०५८
नेपाल

नेपाल व्यापार सर्वेक्षण,२०७८

थोक तथा खुद्रा व्यवसायमा औसतमा **१८.५३ प्रतिशत Trade margin** रहेको देखिन्छ।

व्यापारिक प्रतिष्ठानमा ट्रेड मार्जिन (प्रतिशत)



सबैभन्दा बढी

गण्डकी प्रदेशमा
२०.१ प्रतिशत

सबैभन्दा कम

कोशी प्रदेशमा
१६.७ प्रतिशत

१८.५
नेपाल

राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६, अनुसार देशमा ६० हजार १८५ उद्योग प्रतिष्ठान रहेका छन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६, अनुसार देशभर ६०,१८५ उद्योग प्रतिष्ठान रहेका छन् जसमा खानी तथा उत्खनन् क्षेत्रमा ३५६ वटा, औद्योगिक उत्पादन क्षेत्रमा ५६,६११ वटा, विद्युत, ग्याँस,बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा ९९४ वटा र पानीको आपूर्ति; ढलनिकास फोहोर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्रमा २,२२४ वटा उद्योग प्रतिष्ठानहरु रहेका छन्।

औद्योगिक उत्पादन क्षेत्रमा रहेका ५६,६११ वटा मध्ये १० वा सो भन्दा बढी व्यक्तिहरु संलग्न भएका ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको संख्या ५,०१७ र ९ वा सो भन्दा कम व्यक्तिहरु संलग्न भएका साना उत्पादनशिल उद्योगहरुको संख्या ५१,५९४ रहेका छन् ।

संलग्न रहेका व्यक्तिहरुको संख्याः ४,९१,२२७

तलबी कामदारको संख्याः ३,८१,६८७

लागत मूल्य (Input)

करिब ८ खर्ब ४६ अर्ब ६६ करोड रुपैया

उत्पादन मूल्य (Output)

करिब १२ खर्ब १ अर्ब १७ करोड रुपैया

मूल्य अभिवृद्धि (Value Added)

करिब ३ खर्व ५४ अर्व ५१ करोड रुपैया

नोटः

राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ मा नेपाल स्तरीय औद्योगिक वर्गीकरण अन्तर्गतका खण्ड B खानी तथा उत्खनन् , खण्ड C औद्योगिक उत्पादन, खण्ड D विद्युत ग्याँस बाफ तथा वातानुकूलित सेवा र खण्ड E पानीको आपूर्ति; ढलनिकास फोहोर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरु समावेश गरिएको थियो ।

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण २०७९

देशका ३५.८ प्रतिशत घरपरिवार मात्र जलवायु परिवर्तनका बारेमा जानकार रहेको





जलवायु परिवर्तनका बारेमा

३३.४%

रेडियोबाट र

२९.६%

घरपरिवारले टेलिभिजनबाट जानकारी प्राप्त गरेको बताएका छन्।

नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो २०७४/७५

रोजगार व्यक्तिहरुमध्ये अनौपचारिक क्षेत्रमा करिब ८५ प्रतिशत

८४.६%

अनौपचारिक क्षेत्र

१५.४%

औपचारिक क्षेत्र

रोजगारमा रहेकाको रोजगारको अवस्था

लैङ्गीक दृष्टीबाट हेर्दा रोजगार पुरुषहरुमध्ये ८१.१ प्रतिशत अनौपचारिक र १८.९ प्रतिशत औपचारिक रोजगारीमा रहेको देखिन्छ भने रोजगार महिलामध्ये ९०.५ प्रतिशत अनौपचारिक र ९.५ प्रतिशत औपचारिक क्षेत्रमा कार्यरत रहेको देखिन्छ ।



नेपालमा बेरोजगारी दर

११.४ प्रतिशत रहेको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ अनुसार नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ ।



*परिभाषामा गरिएको परिवर्तनका कारण दर प्रत्यक्ष तुलना गर्न सकिँदैन।

तथ्याङ्कीय साक्षरता

नेपालमा जनगणना अक्सर बसोबास (Usual Place of Residence) को सिद्धान्त अवलम्बन गरी गर्ने गरिएको छ। अक्सर बसोबास भन्नाले व्यक्ति धेरैजसो वा प्राय बस्ने ठाउँलाई बुझ्नु पर्दछ।

व्यक्ति अक्सर कहाँ बसेको भनेर छुट्याउन सकिएन भने गत एक वर्षको अवधिमा ६ महिना वा सो भन्दा बढी समय जहाँ बसोबास गरेको छ वा बस्ने मनसाय राखेको छ सोही ठाउँबाट व्यक्तिको गणना गरिन्छ।

उदाहरणः कैलालीको धनगढी नगरपालिकामा स्थायी घर भएको परिवारको दुई सदस्य काठमाडौंमा नोकरीका सिलसिलामा विगत १ वर्षदेखि बसिरहेका छन् भने उनिहरूको गणना काठमाडौंमा गरिन्छ, कैलालीमा गरिंदैन।

यस्तै विदेशमा बसिरहेका नेपालीहरूको गणना अनुपस्थित व्यक्तिको रूपमा गरिन्छ, उनिहरूको गणना जनसंख्यामा हुँदैन।

२०७८ को जनगणना अनुसार

१५,५५,९६१ परिवारबाट **२१,९०,५९२** जना

विदेशमा अक्सर बसोवास गरेको (अनुपस्थित विदेश) देखिन्छ।

राष्ट्रिय आर्थिक गणना २०७५

देशभर ९ लाख २३ हजार ३५६ औद्योगिक प्रतिष्ठान

यस्ता प्रतिष्ठानहरुमा ३२ लाख २८ हजार ४५७ जना व्यक्ति संलग्न रहेको देखिन्छ।

४,६२,६०५ ५०.१ (प्रतिशत)
दर्ता भएका प्रतिष्ठान

४,६०,४२२ ४९.९ (प्रतिशत)
दर्ता नभएका प्रतिष्ठान

३२९ ०.०४ (प्रतिशत)
दर्ता स्थिति नखुलेका प्रतिष्ठान

प्रदेशगत औद्योगिक प्रतिष्ठान



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौँ